**पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरणको सहयोगमा**

**तनहुँ जिल्लामा खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) कार्यक्रम कार्यान्वयनका लागि**

जिल्ला विकास समिति (जिविस), तनहुँ

**र**

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग **(DoLIDAR)**

**बीच सम्पन्न**

# समझदारी–पत्र

**२०७० फागुन १४**
**दमौली, तनहुँ**

# समझदारी-पत्र

## १. प्रारम्भ

परियोजना लागू भएका क्षेत्रका वासिन्दाहरुको लागि खानेपानी र सरसफाइमा समान पहूँच पुऱ्याउने, स्वास्थ्य तथा सामाजिक र आर्थिक अवस्थामा सुधार गर्ने र परियोजना लागू भएका पश्चिम नेपालका विभिन्न जिल्लाहरुमा संचालन गरिने ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम मार्फत पाँच वर्षमा ( सेप्टेम्बर २०१३ देखि सेप्टेम्बर २०१८ सम्म) खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) कार्यक्रममा सहयोग पुऱ्याउने उद्देश्यसहित नेपाल सरकार र फिनल्याण्ड सरकार बीच सेप्टेम्बर १६, २०१३, तदनुसार वि.सं २०७० भाद्र ३१ गते "पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) को सम्झौता सम्पन्न भएको हो ।

पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) अन्तर्गत पश्चिमाञ्चल विकास क्षेत्रका आठ जिल्लाहरु (म्याग्दी, बाग्लुङ, पर्वत, स्याङ्जा, तनहुँ, नवलपरासी, रुपन्देही र कपिलवस्तु) र मध्य-पश्चिमाञ्चल विकास क्षेत्रको एक जिल्ला (प्युठान) जिल्ला गरी पश्चिम नेपालका नौ वटा जिल्लाहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विकास र कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ, साथै पश्चिमाञ्चल विकास क्षेत्रकै गुल्मी र मुस्ताङ्ग तथा मध्य-पश्चिमाञ्चल विकास क्षेत्रको रोल्पा जिल्लामा पनि खुला दिसा मुक्त घोषणा तथा सो पश्चात् सरसफाइ तथा स्वच्छता कार्यक्रममा सहयोग पुऱ्याउनेछ । नेपाल सरकार र फिनल्याण्ड सरकारको संयुक्त लगानी ( अनुदान) रहेको यस परियोजना संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (यसपछि मन्त्रालय भनिएको)/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DoLIDAR) (यसपछि विभाग भनिएको) को मातहतमा यो समझदारी पत्र वमोजिम सञ्चालन हुनेछ ।

विभाग र जिल्ला विकास समिति, **तनहुँ** (यसपछि जिविस भनिएको),ले यो समझदारीपत्रमा हस्ताक्षर गरी यस जिल्लामा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालनका लागि प्राप्त सहयोग कार्यान्वयनका मुख्य: सिद्धान्तहरूमा सहमति जनाएका छन् ।

लगानीका सिद्धान्तहरु, कोष प्रवाह पद्धति तथा सो को प्रतिवेदन तथा कोष परिचालनमा विभिन्न पक्षको भूमिका र जिम्मेवारी पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरणको परियोजना दस्तावेज (मार्च २०१३) मा उल्लेख भएका प्रावधानहरु वमोजिम हुनेछ । अन्तिम परियोजना दस्तावेजमा उल्लेख भएका प्रक्रियाहरु तथा प्रावधानहरु जिल्ला वाश कार्यान्वयन निर्देशिका (DWIG) मा समावेश गरी कार्यान्वयन गरिनेछ ।

परियोजनाको दोस्रो चरण नै अन्तिम चरण समेत भएकोले जिविस, कार्यक्रम लागू भएको पाँचौ आर्थिक वर्षको अन्त्य अगावै खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) कार्यक्रमसंग सम्बन्धित आर्थिक तथा अन्य स्रोतहरुको दायित्व एकमुष्ठ रुपमा जिम्मा लिई व्यवस्थापन गर्न सहमत छ । यसका साथै सालवसाली रुपमा फिनल्याण्ड सरकार तथा नेपाल सरकारको तर्फवाट जिविसलाई प्राप्त हुने आर्थिक

स्रोत यसै समझदारीको अनुसूची-१ मा व्यवस्था भए वमोजिमको वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा विभागसंगको समझदारीमा तय गर्न समेत सहमत छ ।

## २. जिविसको भूमिका र जिम्मेवारी

फिनल्याण्ड सरकारको सहयोगमा सञ्चालित पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) मार्फत् जिल्ला स्तरमा सञ्चालन गरिने खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम कार्यान्वयनका लागि जिविस जिम्मेवार निकाय हुनेछ र जिविसका अन्य जिम्मेवारीहरू निम्नबमोजिम हुनेछन् :

### २.१ जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम कार्यान्वयन निर्देशिका

जिल्लामा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी गतिविधिहरूको समन्वय, समायोजन, साझेदारी र व्यवस्थापनका लागि जिविसले जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम कार्यान्वयन निर्देशिका (DWIG) अद्यावधिक र अनुमोदन गरी उक्त निर्देशिका अनुरुप जिल्लामा सम्बन्धित क्रियाकलापहरू संचालन गर्नेछ ।

### २.२ जिल्ला व्यवस्थापन समिति गठन

परियोजना सुपरिवेक्षण समितिको मिति ३१ जनवरी २०१४ को निर्णय वमोजिम जिविसले जिविस सभापतिको अध्यक्षतामा जिल्ला व्यवस्थापन समिति (District Management Committee - DMC) गठन गर्नेछ ।

जिल्लामा परियोजनाका सवै क्रियाकलापहरुको सञ्चालन गर्न आवश्यक पर्ने योजना तर्जुमा, समन्वय, प्रशासन तथा व्यवस्थापनका कार्यहरुको लागि जिल्ला व्यवस्थापन समिति जिम्मेवार रहनेछ । जिल्लामा सञ्चालित वाश क्रियाकलापहरुको तर्जुमा, प्रगति समीक्षा तथा अन्य सान्दर्भिक विषयमा निर्णय गर्नका लागि जिल्ला व्यवस्थापन समितिको बैठक कम्तीमा महिनाको एकपटक वस्नेछ । जिल्लास्तरमा परियोजनासंग सम्बन्धित सवै क्रियाकलापहरुको व्यवस्थापनको जिम्मेवारी जिल्ला व्यवस्थापन समितिको हुनेछ । जिल्ला व्यवस्थापन समितिको संरचना निम्न वमोजिम हुनेछ ।

- अध्यक्ष — जिविस सभापति, (हालको अवस्थामा स्थानीय विकास अधिकारी)
- सदस्य — जिविस सचिव/स्था.वि.अ. (जिविस सभापति बहाल रहेको अवस्थामा)
- सदस्य सचिव — जिल्ला प्राविधिक कार्यालय प्रमुख
- सदस्य — खानेपानी तथा सरसफाइ डिभिजन/सब डिभिजन कार्यालय प्रमुख वा प्रतिनिधि
- सदस्य — परियोजनाका जिल्ला वाश सल्लाहकार,
- सदस्य — महिला तथा वालवालिका कार्यालयका कार्यालय प्रमुख वा प्रतिनिधि,
- सदस्य — जिल्ला शिक्षा कार्यालय प्रमुख वा प्रतिनिधि, सदस्य
- सदस्य — जिल्ला स्वास्थ्य कार्यालय प्रमुख वा प्रतिनिधि, सदस्य
- सदस्य — खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ जिल्ला शाखा प्रमुख वा प्रतिनिधि
- सदस्य — जिल्ला उर्जा तथा वातावरण शाखा प्रमुख वा प्रतिनिधि

जिल्ला व्यवस्थापन समितिको गणपूरक संख्या अध्यक्ष, स्थानीय विकास अधिकारी, जिल्ला प्राविधिक कार्यालयका प्रमुख, खानेपानी तथा सरसफाइ डिभिजन वा सब डिभिजन कार्यालयका प्रतिनिधि र जिल्ला वाश सल्लाहकार गरी जम्मा पाँच जनाको हुनेछ ।

## २.३ अनुगमन कार्यदल

दोस्रो चरणको परियोजना दस्तावेजमा उल्लेख भए वमोजिम जिल्ला व्यवस्थापन समितिले अनुगमन कार्यदल (यसपछि कार्यदल भनिएको) गठन गर्नेछ । कार्यदलले कार्यक्रम सञ्चालित सवै गाविसहरुमा कम्तीमा वर्षको एकपटक स्थलगत अनुगमन गरी सञ्चालित वाश कार्यक्रमहरुको समीक्षा गर्नेछ । कार्यदलको अन्य कार्यविवरण आवश्यकता अनुसार कार्यदलले नै निर्धारण गर्नेछ ।

## २.४ जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता एकाइ (DWASH Unit)

जिल्ला व्यवस्थापन समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्नु यस एकाइको प्रमुख जिम्मेवारी हुनेछ । खानेपानी, सरसफाइ तथा स्वच्छता क्रियाकलापहरुसंग सम्बन्धित सवै विषयहरुमा प्राविधिक सहयोग उपलव्ध गराउने जिम्मेवारी जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता एकाइ (DWASH Unit) को हुनेछ । DWASH Unit मा जिल्लामा वाश क्रियाकलापहरु सञ्चालन गर्नको लागि आवश्यक पर्ने पर्याप्त जनशक्ति रहनेछन् । अन्य थप जनशक्ति आवश्यक परेमा सहयोगी व्यक्तिको रुपमा वा सहयोगी संस्था मार्फत छनौट गरी काममा लगाइनेछ । DWASH Unit ले उपभोक्ता समितिहरुलाई समयमा प्राविधिक सहयोग पुगेको सुनिश्चित गर्नेछ । कार्यक्रम संग सम्वन्धित सम्पूर्ण प्राविधकि कार्यको जिम्मेवारी जिल्ला प्राविधिक कार्यालय को हुनेछ ।

## २.५ गाउँ विकास समिति (गाविस) हरु छनौट

जिविसले जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता रणनैतिक योजनामा उल्लेख भएका आधारहरु वमोजिम वाश कार्यक्रम सञ्चालनको लागि अतिरिक्त गाविसहरु छनौट गर्न सक्नेछ । यसरी गाविस छनौट गर्दा दुर्गम तथा हालसम्म सेवा पुग्न नसकेको क्षेत्र सुनिश्चित गरी निर्धारित मापदण्ड वमोजिम गरिनेछ । खानेपानी योजनाहरु छनौट गर्दा गाउँ खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (VWASH Plan) मा समुदायले कठिनताको आधारमा निर्धारण गरेको प्राथमिकता वमोजिम मात्र छनौट गरिनेछ । परियोजनाको पहिलो चरणदेखि नै खानेपानी योजना कार्यान्वयनमा रहेका विद्यमान गाविसहरुवाट DWIG मा निर्धारित आधारहरु पूरा भएपछि क्रमशः मुख्य लगानी बहिर्गमन गर्दै लगिनेछ । यस्ता गाविसहरुलाई योजना निर्माण पश्चातका दिगोपनासंग सम्बन्धित क्रियाकलापहरु तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमहरु भने तोकिएको अवधिसम्म निरन्तर रुपमा सहयोग गरिनेछ, यसका अतिरिक्त सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी क्रियाकलापहरु भने जिल्ला भरि नै सञ्चालन गरिनेछ ।

## २.६ आर्थिक व्यबस्थापन

१. जिल्लाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विकाससँग सम्बन्धित क्रियाकलापहरूको माग र घोषित लक्ष्य पूरा गर्न, जिल्लामा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम कार्यान्वयनको

लागि जिविसले आफ्नो तर्फबाट (आन्तरिक कोष एवं केन्द्रीय निःशर्त अनुदान) जिल्ला विकास कोषमा निम्न वमोजिम सह-लगानी गर्नेछ ।

| **कार्यक्रम** / **लगानीको स्रोत** | | **सरसफाइ तथा स्वच्छता (खुला दिसा मुक्त तथा सो पश्चात)** | **खानेपानी योजनामा लगानी** |
|---|---|---|---|
| नेपाल सरकार | | ३०% | न्यूनतम ३२.५% |
| फिनल्याण्ड सरकार | | अधिकतम ६६.५% | अधिकतम ३२.५% |
| जिल्ला विकास समिति | | न्यूनतम १% | ४% |
| गाउँ विकास समिति | | न्यूनतम २.५% | ६% |
| उपभोक्ता | नगद | ० | १% |
| | श्रम लगानी | ० | न्यूनतम २४% |
| उपरोक्तमा उल्लेखित लगानीका अतिरिक्त उपभोक्ताहरुले कुल लागतको १% नगद रकम खानेपानी योजनाको मर्मत सम्भार कोषमा अग्रिम जम्मा गर्नेछन् । | | | |

२. जिल्ला विकास कोष को प्रभावकारी कार्यान्वयन भएको सुनिश्चित गर्नका लागि जिविसले विद्यमान नीति, विनियम, निर्देशिका, निर्देशन र निर्णयहरू तथा मन्त्रालय/विभाग/परियोजना निर्देशक तथा सुपरिवेक्षण समितिका निर्णयहरुको पालना गर्नेछ ।

३. जिविसले नेपाल सरकारको विद्यमान नियम बमोजिम जिल्ला विकास कोषको कार्यान्वयन, नियन्त्रण र लेखा परीक्षण गराउनु पर्नेछ ।

४. यस समझदारी पत्रमा उल्लेख भएका एवं जिल्लामा कार्यान्वयनका लागि स्वीकृत भएका खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको वास्तविक कार्यान्वयनको समग्र जिम्मेवारी गाउँ विकास समिति (गाविस), खानेपानी उपभोक्ता तथा सरसफाइ समिति, वडा नागरिक मञ्च, तथा संस्थागत व्यवस्थापन समितिहरूको हुनेछ । जसलाई यस समझदारी पत्रमा "उपभोक्ता समिति" भनिएको छ । अतः जिविस तथा उपभोक्ता समितिहरु बीच हुने अर्को बेग्लै सम्झौता अनुसार गाविस स्तरका खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक पर्ने रकम जिल्ला विकास समितिले सोझै उपभोक्ता समितिको खातामा उपलब्ध गराउनेछ । यस बमोजिम हुने सम्पूर्ण खरिद उपभोक्ता समितिले मात्र गर्नेछ । यस सम्बन्धी विस्तृत अन्य व्यवस्था जिविस, गाविस र उपभोक्ता समिति बीच गरिने योजना कार्यान्वयन सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

५. जिल्ला विकास कोषको उपयोग गरी गरिएको खर्च एवं प्रगतिको विवरण नेपाल सरकारको प्रचलित फारामहरुको प्रयोग गरी मासिक, चौमासिक तथा वार्षिक एक प्रति पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना (RWSSP-WN) को परियोजना समन्वय कार्यालय (PCO) लाईरुपमा उपलब्ध गराउनु पर्नेछ । यसबाहेक उक्त खर्चको बिवरणमा फिनल्याण्ड सरकार, नेपाल सरकार, जिविस, गाविस र उपभोक्ता समितिबाट प्राप्त योगदानलाई पनि छुट्टाछुट्टै रुपमा उल्लेख गर्नुपर्नेछ ।

६. आर्थिक अनुगमनको लागि जिविसले दातृ निकायको अनुमति प्राप्त आधिकारीक व्यक्ति वा संस्थालाई जिल्ला विकास कोषको अभिलेख र लेखा निरीक्षणका लागि उपलब्ध गराउनेछ र सो कार्यका लागि आवश्यक सहयोग समेत गर्नेछ । यस्तो अनुगमनको प्रतिवेदन कार्यस्थलमा नै तयार गरी सवै सरोकारवालालाई एक एक प्रति उपलव्ध गराइनेछ ।

## २.७ पारदर्शिता

जिल्ला विकास कोषवाट उपभोक्ता समिति तथा सेवा प्रदायकहरुलाई निकासा भएको सवै आर्थिक कारोवारको पारदर्शिता कायम राख्ने जिम्मेवारी जिविसको हुनेछ । जिविसले सबै खर्चहरु जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यान्वयन निर्देशिका (DWIG) वमोजिम भएको र खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना तथा कार्यक्रमहरुबाट लाभान्वित समुदायका सवै महिला, पुरुष, जातीय समुदाय र सवै वर्गको सहभागितामा चरणवद्ध कार्यपद्धतिमा उल्लेख भए वमोजिम सवै खर्चहरुको सार्वजनिक सुनुवाई तथा परिक्षण भएको सुनिश्चित गर्नेछ ।

## २.८ अनुगमन तथा मूल्याङ्कन

१. जिविसले जिल्लामा सञ्चालित वाश क्रियाकलापहरुको DWIG मा उल्लेख भए वमोजिम अनुगमन भएको सुनिश्चित गर्नेछ । सवै अनुगमन योजना/समुदाय, गाविस र जिल्लास्तरमा गरिनेछन् ।

३. जिविसले सम्बन्धित आर्थिक वर्षमा तर्जुमा गरिएका योजना तथा कार्यक्रमहरु समयमा सम्पन्न गर्नको लागि प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था मिलाउनेछ ।

४. जिविसले सवै सेवा प्रदायकहरु (सहयोगी संस्था, परामर्शदातृ संस्था तथा सहयोगी व्यक्तिहरु)को वार्षिक कार्य सम्पादनमा आधारित मूल्याङ्कन पद्धति लागू गरी दण्ड र पुरस्कारको व्यवस्था गर्नेछ ।

## २.९ प्रतिवेदन

जिविसले जिल्ला वाश एकाइ मासिक, त्रैमासिक तथा वार्षिक रुपमा नेपाल सरकारले निर्धारण गरेको ढाँचामा प्रतिवेदनहरु तयार गरी परियोजना समन्वय एकाइ, पोखरा र विभाग तथा अन्य सम्बन्धित निकायमा पठाउनेछ ।

## २.१० सूचना प्रणाली व्यवस्थापन

जिविसले जिल्लाको खानेपानी र सरसफाइको सूचना प्रणाली नियमित रुपमा अद्यावधि गरी सम्बन्धित निकायहरुलाई आवश्यकता अनुसार उपलब्ध गराउनेछ ।

## २.११ स्रोत परिचालन

१. जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमहरूको कार्यान्वयनमा सहजीकरणका लागि जिविसले पर्याप्त मात्रामा पूर्णकालीन कर्मचारी उपलब्ध गराउनेछ । यदि जिविस सँग पर्याप्त कर्मचारी नभएको खण्डमा यस कार्यक्रमको लागि तल बुँदा नं. २.११.२ र ३ वमोजिम जिल्ला विकास कोषको उपयोग गरी व्यक्ति वा सेवा प्रदायक संस्थाहरूसँग करार सम्झौता गरी काम गर्न सक्नेछ । जिविसले जिल्लामा रहेका खानेपानी तथा सरसफाइ डिभिजन/सब डिभिजन कार्यालय, जिल्ला शिक्षा कार्यालय, महिला तथा बालबालिका कार्यालय तथा जिल्ला जनस्वास्थ्य कार्यालयहरू जस्ता अन्य निकायहरूसँग समन्वय गरेर पनि मानव संसाधनको आवश्यकता परिपूर्ति गर्न सक्नेछ ।

२. निर्मित संरचनाहरुको गुणस्तर, विशेष गरी खानेपानी प्रणालीको दिगोपना तथा खुला दिसामुक्त पूर्व र पश्चात्का कार्यक्रम सञ्चालनका लागि जनशक्ति पर्याप्त नभएमा थप जनशक्ति व्यवस्थापन गरी जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता एकाइमा खटाउन सक्नेछ । परियोजना सञ्चालनको पाँचौ आर्थिक वर्षको अन्त्यसम्ममा जिविसले आफ्नै स्रोतवाट जिल्ला वाश एकाइलाई संस्थागत गर्नेछ । सामान्यतः जिविसले उपलब्ध जनशक्तिको अवस्थालाई समेत ध्यान दिई अधिकतम रुप्मा निम्न वमोजिम कर्मचारीहरु भर्ना गर्न सक्नेछ ।

| पद | आवश्यक संख्या (अधिकतम) | |
|---|---|---|
| | **तनहुँ, स्याङ्गजा, पर्वत, बागलुङ्ग, म्याग्दी र प्युठान जिल्लाहरुमा** | **नवलपरासी, रुपन्देही, कपिलवस्तु जिल्लाहरुमा** |
| फिल्ड संयोजक | ६ | ३ |
| खानेपानी तथा सरसफाइ इन्जिनियर | १ | १ |
| खानेपानी तथा सरसफाइ सबइन्जिनियर | २ | २ |
| खानेपानी तथा सरसफाइ प्राविधिक/सहायक सब-इन्जिनियर | ५ | ३ |
| स्वास्थ्य प्रवर्द्धक | ५ | २ |
| अगुवा वाश सहजकर्ता | २ | १० |
| जम्मा | **२१** | **२१** |
| फिल्ड संयोजकहरुमध्ये एक जनाले अगुवा प्रशिक्षक र एक जनाले लैंगिक तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिको रुपमा समेत काम गर्नेछन् । | | |

३. जिल्लामा विद्यमान गैह्र सरकारी संस्थाहरुको क्षमता, जिल्लामा उपलव्ध जनशक्तिको अवस्था समेतलाई दृष्टिगत गरी जिल्ला व्यवस्थापन समितिले उपरोक्तमा उल्लेख भए वमोजिमका जनशक्तिहरु गैह्र सरकारी संस्था मार्फत (सामाजिक परिचालनको लागि मात्र) भर्ना गर्ने निर्णय समेत गर्न सक्नेछ । उपरोक्तमा उल्लेख भए भन्दा बाहेक थप जनशक्ति आवश्यक भएमा निश्चित काम तथा निश्चित अवधिको लागि अल्पकालीन सेवा प्रदायकहरु नियुक्त गरी काममा लगाउन सकिनेछ ।

४. जिविसले जिल्लाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन योजनाको तयारीका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउँदै छनौट भएका गाविसहरूमा त्यस्तो योजना बनाउने कार्यमा सहजीकरण गर्न मुख्य भूमिका निर्वाह गर्नेछ ।

५. जिविसले नियमित रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम र योजनाहरूको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्नेछ र उपभोक्ता समितिहरूलाई उनीहरूको लेखा फछ्र्योट गर्न समेत सहयोग गर्नेछ ।

६. यस परियोजनाको सहयोगमा सञ्चालित हुने वाश कार्यक्रमको कार्यान्वयन तथा अनुगमनमा सहयोग पुऱ्याउनका लागि जिविसले मौजुदा कर्मचारीहरु मध्येवाट एक 'सम्पर्क व्यक्ति' (Focal Person) तोक्नेछ ।

७. जिविसले पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) द्वारा नियुक्त जिल्ला वाश सल्लाहकार (District WASH Adviser) लाई नियमित कार्यालय सञ्चालनका लागि आवश्यक सुबिधा सहितको कार्यकक्ष उपलब्ध गराउनेछ ।

८. विभागले पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) संग जिल्लाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी गतिविधिहरूको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत सुधार गर्न आवश्यक पृष्ठपोषणका लागि माग गरेको सुझाव/सूचनाहरु उपलब्ध गराउनु जिविसको कर्तव्य हुनेछ ।

### २.१२ समन्वय तथा सहयोग

१. समन्वयात्मक र एकीकृत जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्यक्रमको विकास र कार्यान्वयन यस क्षेत्रमा संलग्न सम्पूर्ण सरोकारवाला तथा निकायहरूको संयुक्त प्रयासबाट मात्र सम्भव छ भन्ने कुरामा सबैको सर्वसम्मति छ, अतः स्थानीय स्वायत्त-शासन ऐन, २०५५ द्वारा जिविसलाई प्रदत्त अधिकारको उपयोग गरी यी सम्पूर्ण सरोकारवालाहरू र निकायहरूलाई एउटै छातामुनि ल्याउन जिविसले समन्वय, र उपलब्ध मानवीय, प्राकृतिक, सार्वजनिक र निजी क्षेत्रका स्रोतहरूको प्रभावकारी उपयोग गर्नुपर्नेछ ।

२. यस समझदारीपत्रका दुवै पक्षहरूमा जिल्लामा सञ्चालन गरिने खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको समन्वय र कार्यान्वयन संयन्त्रमा समान बुझाई रहेको छ । यस अभिप्रायले जिल्लाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रबर्द्धन कार्यक्रमको समन्वय र कार्यान्वयनमा संलग्न जिल्ला स्थित सरोकारवालाहरू बीच एउटा बेग्लै समझदारी पत्रमा हस्ताक्षर गरिनेछ ।

३. पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) द्वारा सहयोग पुऱ्याइएको जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्यक्रमको कार्यान्वयनमा समन्वय गर्ने कार्य जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (DWASHCC) को हुनेछ । जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको कार्यविवरण राष्ट्रिय सरसफाइ गुरुयोजनामा उल्लेख भए बमोजिम नै हुनेछ ।

४. जिविसले खानेपानी, सरसफाइ तथा स्वच्छता सँग सम्बन्धित जिल्ला स्तरीय आधारभूत सूचनाहरूलाई यसका सरोकारवालाहरूको सहयोगमा वार्षिक रुपमा अद्यावधिक गर्नेछ ।

## ३. विभागको भूमिका र जिम्मेवारी

१. स्थानीय निकायहरूलाई आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सम्पूर्ण सहयोगहरू उपलब्ध गराउनुका साथसाथै सम्पूर्ण भौतिक संरचना विकासका क्रियाकलापहरूको समन्वय गर्न जिम्मेवार छ ।

२. विभागले जिविसलाई केन्द्रिय स्तरका अन्य सम्बन्धित संघ संस्थाहरूसँग सम्बन्ध स्थापना गर्न मध्यस्थता गर्नेछ, यसका साथै जिल्लाहरू एवं पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) लाई विभिन्न सरकारी नीति, नियम तथा बिनियमहरू उपलब्ध गराउनेछ ।

३. विभागले नेपाल सरकारको बजेट/रकमहरूलाई जिल्लामा सामयिक एवं वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा आधारित भई विनियोजन र निकासा गर्न सहजीकरण गर्नेछ ।

४. विभागले विभागमा रहेर केन्द्रिय तहको योजना तर्जुमा, बजेट विनियोजन, प्रगति समीक्षा र अनुगमन कार्यप्रति उत्तरदायी हुनेगरी एक राष्ट्रिय परियोजना निर्देशक नियुक्त गर्नेछ, जसले हुनेछन् ।

५. विभागले परियोजना समन्वय कार्यालय पोखरामा रहेर कार्यक्रम कार्यान्वयनमा जिल्लाहरुलाई प्रभावकारी सहयोग उपलब्ध गराउन परियोजना व्यवस्थापन कार्यदलको सह-अध्यक्षको रुपमा समेत रहने गरी एक जना राष्ट्रिय परियोजना संयोजक नियुक्त गर्नेछ ।

६. केन्द्रीयस्तरमा समन्वय तथा प्रतिवेदनको लागि विभागको खानेपानी, सरसफाइ तथा स्वच्छता एवं भवन शाखा सम्पर्क शाखाको रुपमा रहनेछ ।

## ४. पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) को भूमिका र जिम्मेवारी

पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) ले जि.वि.स. लाई जिल्लाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्यक्रमको विकास, समन्वय र कार्यान्वयनमा आवश्यक सहयोग उपलब्ध गराउनेछ । RWSSP-WN II अन्गार्तत दुई वटा शाखा छन् : (१). विभागद्वारा स्थापित तथा राष्ट्रिय परियोजना संयोजकको नेतृत्वमा रहेको परियोजना समन्वय कार्यालय (PCO) । यो कार्यालय RWSSP-WN II को समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार छ । (२) फिनल्याण्ड सरकारका तर्फबाट अन्तर्राष्ट्रिय परामर्शदाताद्वारा स्थापित प्रमुख प्राविधिक सलाहकारको नेतृत्वमा रहेको परियोजना सहयोग इकाई (PSU) जसले जिल्लामा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको कार्यान्वयनमा जिल्लालाई प्राविधिक सहयोग उपलब्ध गराउनेछ । RWSSP-WN II को मुख्य भूमिका तथा जिम्मेवारीहरू देहाय वमोजिम हुनेछन् ।

## ४.१ प्रारम्भ

१. परियोजनाको दस्तावेजमा उल्लेख भएअनुसार जिल्लाको खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमसँग सम्बन्धित क्षमता विकासका लागि परामर्श सहयोग उपलब्ध गराउने ।

२. जिविसलाई लैङ्गिक तथा मानव अधिकार संवेदनशील, समावेशी तथा समन्वयात्मक किसिमको जिल्ला तथा गाविस स्तरीय खानेपानी, सरसफाइ तथा स्वस्थ्य सम्बन्धी आयोजना तयारीका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।

३. जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको सहज कार्यान्वयनका लागि गा.वि.स. तथा सेवा प्रदायकहरू छनौट गर्न जिविस तथा गाविसहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउने ।

४. जिल्लाद्वारा पेश गरिएको प्रतिवेदनका आधारमा RWSSP-WN II को सहयोगमा सञ्चालित जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको आवधिक प्रगति प्रतिवेदन (भौतिक तथा आर्थिक प्रगति) हरू संकलन गर्ने ।

५. RWSSP-WN II को सहयोगमा कार्यक्रम सञ्चालित जिल्लाहरूबीच प्रभावकारी समन्वय कायम राख्न जिल्लाहरू तथा मन्त्रालय, विभाग बीच एकरुपता, पारदर्शिता तथा सुदृढ सम्बन्ध कायम भएको सुनिश्चित गर्ने ।

६. जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको योजना तर्जुमा र कार्यान्वयनमा जिल्लालाई सहयोग पुऱ्याउनका लागि एक जना पूर्णकालीन जिल्ला वाश सल्लाहकार नियुक्त गर्ने ।

७. सञ्चालित वाश क्रियाकलापहरुको अनुगमनको लागि आवश्यक सहयोग गर्ने र विभिन्न तहमा आयोजना हुने अनुगमन कार्यको लागि विशेषज्ञ सेवा उपलव्ध गराउने ।

## ४.२ क्षमता विकास

१. जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रममा महिला, विपन्न तथा पिछडिएका समूहहरूलाई समेत आबद्ध गरी समन्वयकारी किसिमले प्रभावकारी र दक्षतापूर्वक कार्यक्रम कार्यान्वयनका लागि जिल्लाको क्षमता अभिवृद्धि गर्न तालिम कार्यक्रम, कार्यशाला, अध्ययन-अवलोकन भ्रमणहरूको आयोजना गर्ने ।

२. गाविस र समुदाय स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि गाविस, सेवा प्रदायक तथा उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धिका लागि सहजीकरण र अभिमुखिकरण तालिम कार्यक्रमका लागि सहयोग गर्ने ।

३. जिविसहरूलाई खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम निर्देशिका तयार तथा परिमार्जन गर्न, रणनीति बनाउन, योजना तर्जुमा गर्न तथा जिल्लास्तरमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सुविधाहरू प्रवर्द्धन गर्न सहयोग र सल्लाह दिने ।

### ४.३ तथ्याङ्क, सूचना व्यवस्थापन

१. जिविसलाई जिल्ला स्तरमा सञ्चालन गरिने खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमसँग सम्बन्धित सूचना व्यवस्थापनका लागि आवश्यक पर्ने सीप र ज्ञान हस्तान्तरण गर्न सहयोग गर्ने ।

२. जिल्ला सूचना तथा अभिलेख केन्द्र (DIDC) को क्षमता अभिवृद्धि गर्न प्राविधिक सहयोग उपलब्ध गराउने ।

## ५. लैङ्गिक र सामाजिक समावेशीकरणका लागि प्रतिबद्धता

१. यो समझदारीपत्रका पक्षहरूले निम्न कुरामा संयुक्त प्रतिबद्धता जाहेर गरेका छन् :

- कर्मचारी नियुक्ति, अवसरहरूको सिर्जना, कर्तव्य परिपालना जस्ता सवाललाई लैङ्गिक र सामाजिक समावेशीकरणतर्फ उन्मुख गराउने तथा संस्थाभित्र मानव संसाधन नीतिलाई लैङ्गिक र सामाजिक समावेशी विषयमा सवेदनशील बनाउने ।
- लैङ्गिक र सामाजिक समावेशीकरण अनुकूल वातावरणका लागि योगदान गर्ने जसबाट समाजका सम्पूर्ण तहका विविध समूहहरूको महत्वलाई सम्बोधन गर्न सकियोस् ।
- समुदायका विभिन्न समूहहरू खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रममा सहभागी भई समानुपातिकरुपमा लाभान्वित भएको सुनिश्चित गर्ने,

## ६. विविध

१. जिल्लामा सञ्चालित क्रियाकलापहरु निर्धारित गुणस्तर एवं यस समझदारी पत्र वमोजिम नभएको पाइएमा वा कोषको दुरुपयोग भएको पाइएमा जिल्लामा जाने कोष रोक्का गर्ने तथा वार्षिक बजेट कटौती गर्ने अधिकार विभागमा सुरक्षित रहनेछ । यस्तो कुनै पनि प्रकारको निर्णय परियोजना सुपरिवेक्षण समितिले गर्नेछ ।

२. खानेपानीमा सहयोग हुने थप गाविसको संख्या तथा बजेटको निर्धारण जिल्लाको वार्षिक कार्यसम्पादन मूल्याङ्कन वमोजिम हुनेछ ।

३. अन्य साझेदारहरुको भूमिका तथा अन्य प्रावधानहरु जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम कार्यान्वयन निर्देशिका DWIG मा व्यवस्था भए वमोजिम हुनेछ ।

४. जिल्ला व्यवस्थापन समिति र परियोजना व्यवस्थापन कार्यदलले तोकेको संयुक्त टोलीले परियोजनाको सम्बन्धमा भए गरेका क्रियाकलापहरुलाई आधार मानी वार्षिक रुपमा जिविसको कार्यसम्पादन मूल्याङ्कन गर्नेछ । यो मूल्याङ्कन जिल्लामा वार्षिक बजेट व्यवस्था तथा अन्य सहयोगको लागि मार्गदर्शक हुनेछ । मूल्यांकनका आधारहरु निम्न वमोजिम हुनेछन् । विस्तृत विवरण अनुसूची १ मा दिइएको छ ।

| क.सं. | सूचकहरु | अंकभार | प्रमाणीकरणको स्रोत |
|---|---|---|---|
| १ | लक्ष्य वमोजिम उपलब्धि | २० | वार्षिक कार्यक्रम र प्रतिवेदन |
| २ | जिल्ला वाश कोषमा जिविसको योगदान | २० | वार्षिक कार्यक्रम र प्रतिवेदन |
| ३ | अनुगमन तथा प्रतिवेदन | १५ | अनुगमन प्रतिवेदनहरु |
| ४ | जिल्ला व्यवस्थापन समिति बैठक | १० | निर्णय पुस्तिका |
| ५ | जिल्ला वाश कोषको सदुपयोगिता तथा पारदर्शिता | १५ | वार्षिक कार्यक्रम र प्रतिवेदन |
| ६ | संस्थागत क्षमता | २० | वार्षिक कार्यक्रम र प्रतिवेदन |
| | **जम्मा** | १०० | |

५. यो समझदारी सन् २०१८ सेप्टेम्बर १६ तदनुसार वि.सं. २०७५ भाद्र मसान्त सम्म बहाल रहनेछ ।

६. यो समझदारी पत्रमा उल्लेखित कुनै दफालाई थप स्पष्ट पार्न, थपघट गर्न वा पुनरावलोकन गर्न आवश्यक भएमा दुवै पक्षको आपसी सहमतिमा गर्न सकिनेछ । कुनै असमझदारी र विवादहरू उत्पन्न भई नीतीगत तहवाट निर्णय गर्नु परेमा पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) को सुपरिवेक्षण समिति (Supervisory Board) वाट निर्णय गरी समाधान गरिनेछ र यसका लागि सुपरिवेक्षण समितिको निर्णय नै अन्तिम हुनेछ ।

मिति : २०७० फागुन ८ गते

स्थान : जिविस सभा कक्ष, कुश्मा, पर्वत

**हस्ताक्षर**

**जि.वि.स. को तर्फबाट**

हस्ताक्षर : ...............................................................
नाम : ...............................................................
पद : स्थानीय विकास अधिकारी छाप

**विभागको तर्फबाट**

हस्ताक्षर : ...............................................................
नाम : जीवन कुमार श्रेष्ठ
पद : उपमहानिर्देशक/राष्ट्रिय परियोजना निर्देशक छाप

**पश्चिम नेपाल ग्रामीण खानेपानी तथा**
**सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) का तर्फबाट साक्षी** छाप

हस्ताक्षर : ............................................... हस्ताक्षर : ...............................
नाम : सान्ना-लीना राउतानेन नाम : नारायण प्रसाद श्रेष्ठ
पद : प्रमुख प्राविधिक सल्लाहकार (Chief Technical Adviser) पद : राष्ट्रिय परियोजना संयोजक

**जिल्लामा सक्रिय राजनैतिक दलहरुको तर्फवाट साक्षी**

| क्र.सं. | नाम | दलको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# जिल्ला विकास समितिको कार्यसम्पादन मूल्याङ्कन फाराम

अनुसूची १

| क्र. स. | प्यारामिटर | सूचक | जम्मा अंक भार | प्राप्ताङ्कअंकभार | सूचनाका स्रोतहरु |
|---|---|---|---|---|---|
| १ | वार्षिक योजना / कार्यक्रम अनुसार उपलब्धी (२०) | १.१ स्विकृत वार्षिक योजना / कार्यक्रम अनुरुप कार्यान्वयन भएको योजनाको प्रतिशत (सम्पन्न खानेपानी योजनाहरुको संख्या) | १० | ♦ ८०% वा सो भन्दा बढि सम्पन्न = १०<br>♦ ७०% - ७९% वा सो भन्दा बढि सम्पन्न = ७<br>♦ ६०% - ६९% वा सो भन्दा बढि सम्पन्न = ५<br>♦ ६०% भन्दा कम सम्पन्न = ० | ♦ स्विकृत वार्षिक योजना / कार्यक्रम<br>♦ वार्षिक प्रगति प्रतिवेदन |
| | | १.२ बजेटको आधारमा खर्च प्रतिशत | १० | ♦ ८०% वा सो भन्दा बढि खर्च = १०<br>♦ ७०% - ७९% वा सो भन्दा बढि खर्च = ७<br>♦ ६०% - ६९% वा सो भन्दा बढि खर्च = ५<br>♦ ६०% भन्दा कम खर्च = ० | ♦ आर्थिक विवरण र लेखा परिक्षण प्रतिवेदन |
| २ | जिल्ला वाश कोषमा जि. वि. स को योगदान (१५) | २.१ गत आ. व. मा जि. वि. स. बाट जिल्ला वाश कोषमा रकम निकासा | १५ | ♦ शतप्रतिशत निकासा = १५<br>♦ ७५% – ९९% निकासा = १०<br>♦ ७५% भन्दा कम निकासा = ०<br>♦ निकासा नभएको = -१० | ♦ जिल्ला वाश (DWASH-F) कोषको प्रतिवदेन |
| | | २.२ जिल्ला जलस्रोत विकास कोषबाट जि. वि. स योगदानको खर्च प्रतिशत | ५ | ♦ सोही आ व. मा शतप्रतिशत खर्च = ५<br>♦ सोही आ व. मा ७५% - ९९% खर्च = ३<br>♦ सोही आ व. मा ७५% भन्दा कम खर्च = ० | ♦ जिल्ला वाश -DWASH-F) कोषको प्रतिवदेन |
| ३ | अनुगमन तथा प्रतिवेदन (२०) | ३.१ गत आ. व. मा जि. वि. स. द्धारा परियोजना मार्फत संचालित योजनाहरु तथा कृयाकलापको अनुगमन | १० | ♦ चरणबद्ध वर्ष कार्य पद्दती अनुरुप शतप्रतिशत अनुगमन = १०<br>♦ ८०% - ९९% अनुगमन भ्रमण = ५<br>♦ ८०% भन्दा कम भ्रमण = ०<br>♦ | ♦ योजना अनुगमन प्रतिवेदन |
| | | ३.२ अनुगमन कार्यदलद्धारा वार्षिक रुपमा परियोजना सञ्चालित सवै गाविसहरुको स्थलगत अनुगमन भएको | ५ | ♦ सवै गाविस अनुगमन भएको = ५<br>♦ सवै गाविस अनुगमन नभएको = ० | ♦ अनुगमन प्रतिवेदन |
| | | ३.३ सवै प्रतिवेदनहरु नियमित रुपमा पेश | ५ | ♦ जि. वि. स द्धारा नियमित रुपमा प्रतिवदेन पेश = ५<br>♦ जि. वि. स द्धारा अनियमित रुपमा प्रतिवदेन पेश = ० | ♦ परियोजनाको अभिलेख (Record) |
| ४ | जिल्ला व्यवस्थापन समितिको बैठक (५) | जिल्ला व्यवस्थापन समितिको बैठकको नियमितता | ५ | ♦ नियमित साथै हरेक महिनामा एक पटक बैठक बसेको = ५<br>♦ अनियमित तर वर्षभरीमा १२ वटा बैठक बसेको = ४<br>♦ अनियमित साथै वर्षभरीमा १२ वटा भन्दा कम बैठक | ♦ जिल्ला व्यवस्थापन समितिको बैठक निर्णय पूस्तिका (Meeting Minute) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बसेको = ३<br>♦ वर्ष भरीमा ६ वटा भन्दा कम बैठक बसेको = ० | |
| ५ | जिल्ला जलस्रोत कोषको उपयोगिता तथा पारदर्शिता (१५) | तोकिएका शिर्षक अनुसार जिल्ला जलस्रोत कोषको सदुपयोग | १५ | ♦ तोकिएको शिर्षकहरुमा खर्च भई खर्च विवरण सार्वजनिक भएको = १५<br>♦ तोकिएको शिर्षकहरुमा खर्च भई खर्च विवरण सार्वजनिक नभएको = १०<br>♦ तोकिएको शिर्षकहरुमा भन्दा अन्य शिर्षकमा खर्च भएको र सापटी दिइएको साथै सो सापटी साही आर्थिक वर्षभित्र फिर्ता भएको = ०<br>♦ तोकिएको शिर्षकहरुमा भन्दा अन्य शिर्षकमा खर्च भएको र सापटी दिइएको साथै सो सापटी साही आर्थिक वर्षभित्र फिर्ता भएको = -१० | ♦ जि वि. स को आर्थिक अभिलेख (Financial Record) |
| ६ | संस्थागत क्षमता (२०) | जिल्लास्तरीय वाश योजना तयारी तथा कार्यान्वयन | ५ | ♦ योजनाले अन्तिम रुप प्राप्त गरी उल्लेख भए वमोजिमका प्राथमीकताहरु कार्यान्वयन भएको = ५<br>♦ योजनाले अन्तिम रुपमा प्राप्त गरेको तर कार्यान्यनमा अनुसरण नभएको = ०<br>♦ योजनाले अन्तिम रुप प्राप्त नगरेको = -५ | ♦ DWASH Plan |
| | | गाउं स्तरीय वाश योजना तयारी तथा कार्यान्वयन | ५ | ♦ जिल्लाका कम्तिमा २५% गाविसहरुमा योजना तयार भएको = ५<br>♦ जिल्लाका कम्तिमा २५% भन्दा कम गाविसहरुमा योजना तयार भएको = ० | ♦ VWASH Plan |
| | | जिल्ला खानेपानी, सरसफाइ र स्वच्छता एकाइमा जनशक्ति व्यवस्थापन (परियोजनाको सहयोग वाहेकका) | १० | ♦ सत प्रतिशत पदहरु पूर्ति भएको = १०<br>♦ ८०% भन्दा बढि पदहरु पूर्ति भएको = ५<br>♦ ८०% भन्दा कम पदहरु पूर्ति भएको = ० | ♦ जि वि. स को अभिलेख |
| **जम्मा** | | | १०० | | |